# नेपाल सरकार नोट विभाग, सदरमुलुकीखाना, भारतीय नोट सटहीको आवेदनपत्र,

कमसंख्या

उपान्त तपसीलबमोजिमको माल झिकाउन मलाई तपसीलबमोजिम भारतीय नोटको आवश्यक भएकोले यस आवेदनपत्रमा भरी रु. १ को टिकट टाँसी दिएको छु। पछाडी लेखिएबमोजिमका यस विषयका नियम र शर्तहरु मन्जुर भएकोले माग गरेको भारतीय नोट सरकारिया रेटबाट सटही गरी पाऊँ।

| माग गरिएको नोट् रु. | | कुनकुन समयमा कतिकति चाहिने | | सोरुपैयाँ कसरी चलाउने एल. सी. ड्राफ्ट पठाउने भए बङ्क र भा. फैं चलाउन भए सोही बेहोरा जनाउने | झिकाउने मालको विवरण | | | काठमाडौंमा माल आइपुग्ने समय | काठमाडौंमा माल चुक्ताआई पुगेको मिति | माल आइपुगेपछि बिक्रीगर्ने दर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अङ्क | अक्षर | मिति | भा.नो. रु. | | कहाँकस कहाँबाट | सटहीबाट कामाल कतिदिन भित्रआइ-पुग्ने | परिमाण | | | | |
| | | | | | | | | | | | |

स्वीकृति भएको मिति

यस आवेदन पत्रमा लेखी भरी दिएबमोजिम ठीक छ, फरक ठहरे नियमबमोजिम बुझाउँला

आवेदकको नाम र थर

वतन

(फर्म भए फर्मको नाम समेत)

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सटहीको नियम र शर्तहरु :—

(१) यो सटही मागको आवेदनपत्र स्वीकृति भएपछि सूचना आउनेछ । यो सूचना आएको ७ दिनभित्र माग गरेको रुपैयाँको , सयकडा ले धरौट बुझाई सक्नुपर्छ ।

(२) स्वीकृति सूचना पाएको ७ दिनभित्र चाहिने धरौटी नबुझाए स्वीकृति र दरखास्त रद्द हुनेछ ।

(३ सटही पाएको रुपैयाँबाट लेखिएबमोजिम माल नझिकाई अनुचित लाभ उठाए ऐनबमोजिम सजाय हुनेछ ।

(४) धरौटी बुझाइसकेपछि तोकिएका म्याद, म्यादमा सटही लिइसक्नुपर्छ । म्याद किटिएका ७ सात दिनभित्र पनि सटही नलिए म्याद नाघेजति कलःको सटही पाउनेछैन ।

(५) सो धरौटी आवेदनपत्रमा लेखिएबमोजिम झिकाई—नेपाल झिकाई काठमाडौं आइपुगेको सरकारिया अड्डाको निस्सा र धरौटी राखेको रसीदसमेत लिएर आएपछि फिर्ता पाउनेछ ।

(६) सो धरौटी फिर्ता पाउने ठहरेका मिति ( अन्तिम कन्साइन्मेण्टको माल काठमाडौं दाखिल भएको मितिले ) ३५ दिनभित्र रीत पुऱ्याई निस्सा सबुद दाखिला गरी सक्नुपर्दछ । सो म्याद भित्र मात्र दाखिला गरेको सबुद पेश गर्न सकेन भने, धरौटीजफत हुने छ ।

(७) झिकाइएका माल आवेदनपत्रमा तोकएको म्याद भित्र काठमाडौंमा नआइपुगेमा धरौटी जफत हुने हुनाले रेल्वे रोपवेमा प्रायरिटी अग्राधिकार नपाएकोले म्यादभित्र माल ल्याउन सकिएन भन्ने उजुर लाग्नेछैन ।

(८) आकस्मिक सामूहिक दुर्घटना (जस्तो बनि वर्षाले बाटो बिग्रनु) भएमा भने, अगावै रिपोर्ट परेमा मात्र, काठमाडौंमा माल दाखिला गराउनुपर्ने म्याद थप हुन्छ, अन्यथा म्याद थप हुँदैन ।

१४६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) भारतीय नोट् चलान गर्ने जुन कुरा आवेदनमा भरी दिएको त्यसको विपरीत अर्कै तरहबाट चलान गर्नुपर्ने आवश्यक परेमा सो कुरा सरकारसग स्वीकृति लिएर मात्र गर्न हुन्छ। यसो नगरेमा (डिपोजिट्) धरौटी जफत हुन्छ।

(१०) सटही पाई झिकाइएका माल आइपुगेपछि यो दरले बिक्री गर्ने भनी मुनासिब दर आवेदन पत्रमा प्रष्ट खोली दिनुपर्छ। सो माल आइपुगेपछि सो माल सरकारले चाहेमा सोही दरमा बिक्री गर्ने अधिकार सरकारमा रहनेछ

(११) झिकाइने मालका निमित्त माग गरेका सटही गर्ने रुपैयाँ र माल दाखिला हुने समय तथा बिक्री गर्ने दर तोकिएको बेमुनासिब देखिए त्यस्ता आवेदन पत्र स्वीकृत हुनेछैन।

आ. ले.—

चूडानन्द वैद्य

का. मु. सेक्रेटरी अर्थमन्त्रालय

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज, जोशी.

१४८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।